KRIPA NATIONAL DAILY

# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-१८९ बारा, २०८३ भदौ १४ गते आईतबार / द्वितीया / नेपाल संवत् ११४६ / Sundayday, August 30 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

## व्यक्तिगत खातामा रकम संकलन गर्ने पक्राउ

निजगढ, १३ भदौ/रसुवाको भोटेकोशी नदीमा आएको बाढीपीडितका नाममा व्यक्तिगत खाताको क्युआर कोड शेयर गरी रकम उठाउने एक व्यक्ति पक्राउ परेका छन् ।

रसुवा जिल्लास्थित भोटेकोशी नदीमा भदौ १० गते आएको बाढीबाट ठूलो धनजनको क्षति भएको थियो ।

सोही बिपद् र कठिन परिस्थितिको फाइदा उठाउँदै स्वतन्त्र कोइराला नामक फेसबुक प्रयोगकर्ताले "साथी हो एकले थुकी पो सुकी त, हजारौंले थुकी त नदी" भन्ने भावसहित राष्ट्रिय बाणिज्य बैंकको व्यक्तिगत खाता (अंक: १३००१००००१७३२०३) को क्युआर कोड राखेर सामाजिक सञ्जालमा पोष्ट गरेका थिए । कोइराला रास्वपाका कार्यकर्ता तथा निजगढ ७ स्थित अञ्जु आदर्श बोडिङ्ग स्कुलका शिक्षक हुन ।

व्यक्तिगत तलबी खाताको क्युआर कोड प्रयोग गरी राहत संकलन गर्न खोजेको भन्दै प्राप्त उजुरीका आधारमा उनलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी माधवराज काफ्लेले जानकारी दिनुभयो ।

उहाँका अनुसार झापा जिल्ला घर भएका उनी बाराको निजगढमा बस्दै आएका थिए ।

आपत्कालीन र बिपद्को बेला राहत तथा सहयोग रकम संकलन गर्दा सम्बन्धित सरकारी निकाय वा आधिकारिक संस्थामार्फत मात्र गर्न र राहत संकलनको नाममा कसैले पनि आफ्नो व्यक्तिगत बैंक खाता क्युआर कोड प्रयोग नगर्न प्रहरीले कडा अनुरोध गरेको छ ।

## सिमराकी समाजसेवी राजी राणाद्वारा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ करोड ९ लाख आर्थिक सहयोग



सिमरा, १३ भदौ/रसुवा बाढीका कारण देशले ठूलो संकट व्यहोरिरहेका बेला बारा सिमराकी समाजसेवी राजी राणाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक करोड ९ लाख रुपैयाँ आर्थिक सहयोग गर्नुभएको छ ।

बाढी प्रभावितहरूको उद्धार, राहत तथा पुनस्थापनाका लागि ८८ वर्षीया राणाले व्यक्तिगत तर्फबाट उक्त रकम उपलब्ध गराउनुभएको हो । राणाले आफ्ना सहयोगी कृष्ण बस्नेतमार्फत उक्त रकम सरकारलाई उपलब्ध गराउनुभएको छ। नगद सहयोगबाहेक राणाले विपद् प्रभावितहरूका लागि थप २५ लाख रुपैयाँ बराबरको खाद्यान्न तथा जिन्सी सामग्री उपलब्ध गराउने हुनुभएको छ ।

प्रचारमा भन्दा नतिजामुखी र मौन कर्ममा बिश्वास राख्ने राणाले आफ्ना दिवङ्गत पति प्रभु शमशेर जबराको स्मृतिलाई जीवन्त राख्न 'प्रभु शमशेर जबरा तथा राजी राणा परोपकार निजी गुठी' मार्फत सामाजिक सेवाका अभियानलाई निरन्तरता दिँदै आउनुभएको छ । पतिको बियोगको पीडालाई समाजसेबाको शक्तिमा बदल्नुभएकी राणाले यसअघि पनि उदाहरणीय सामाजिक काम गर्दैआउनुभएको छ ।

राणाले यसअघि बाराको जीतपुरसिमरा उपमहानगरपालिका( ६ मा २० घरपरिवार मुसहर समुदायका लागि पूर्ण व्यवस्थित आवाससहितको बस्ती निर्माण गरिदिनुभएको थियो ।

यसैगरी युवा खेलाडीहरूलाई प्रोत्साहन गर्न करिब एक करोड २५ लाख रुपैयाँको लागतमा 'प्रभुराजी एनजेजेबाईसी फुटबल एकेडेमी' को सुबिधासम्पन्न भवन निर्माण गरी खेलकुद क्षेत्रको पूर्वाधार विकासमा समेत उहाँले योगदान दिनुभएको थियो ।

सार्वजनिक स्थलहरूमा सर्वसाधारणका लागि शुद्ध र चिसो पिउने पानीको व्यबस्था गर्नुभएकी राणाले पछिल्लो पटक अपाङ्गता भएका व्यक्तिहरूलाई ह्विलचियर र ट्राईसाइकल बितरण गर्नुका साथै बिपन्न बिद्यार्थीहरूलाई पोशाक र शैक्षिक सामग्री सहयोग गर्नुभएको छ ।

## राहत संकलनमा रौतहटको एक विद्यालयका शिक्षक र विद्यार्थीको उदाहरणीय कार्य







रौतहट, १३ भदौ/गत १० गते बुधबार बिहान भोटेकोशीमा आएको महाविनाशकारी बाढीले सयौं परिवारको खुसी खोसेको छ। कसैको घर बगाएको छ, कोही आफन्तविहीन भएका छन् । कोही घाइते छन्, कोही व्यापार(व्यवसाय गुमाएर बेसहारा बनेका छन् । बाढीले हिमालदेखि पहाडसम्म पुर्‍याएको यो पीडाले अहिले सिंगो देशलाई भावुक बनाएको छ ।

यही पीडामा मल्हम लगाउन प्रधानमन्त्रीद्वारा राहत कोष स्थापना गरी देशभरबाट सहयोग जुटाउने अभियान अघि बढिरहेका बेला रौतहटको एक विद्यालयका शिक्षक र विद्यार्थीले देखाएको मानबीय भावना अहिले चर्चाको बिषय बनेको छ ।

घटनाको भोलिपल्ट गत बिहीबार देवाही गोनाही नगरपालिका ७ स्थीत माबि प्रेमपुर गोनाही बिद्यालय खुलेपछि शिक्षकहरूबिच बाढी पीडितका लागि सहयोग गर्ने विषयमा छलफल भयो । छलफलमा बिद्यालयका प्रधानाध्यापक मुकेशकुमार यादबले एउटा कुरा सबैका सामु राख्नुभयो( 'हिमाल, पहाड वा तराई जहाँको भए पनि हामी नेपाली हौं । नेपालीलाई दुःख पर्दा हामी सबै एक ठाउँमा उभिनुपर्छ ।'

प्रधानाध्यापक यादबको यही भनाइले शिक्षकहरूलाई भाबुक बनायो । त्यसपछि विद्यालयमा कार्यरत १९ जना शिक्षकमध्ये १४ जना शिक्षकले आफ्नो इच्छाअनुसार सहयोग रकम जुटाए। कसैले १ हजार, कसैले १ हजार ५ सय त कसैले २ हजार रुपैयाँसम्म आफ्नै स्वेच्छाले जम्मा गरे ।

शिक्षकहरूले कक्षाकोठामा पुगेर बिद्यार्थीलाई भोटेकोशी बाढीले निम्त्याएको पीडा सुनाए । बिपत्तिमा परेका आफ्नै दाजुभाइ(दिदीबहिनी सम्झेर सहयोग गर्न आग्रह गरे ।

शिक्षकहरूको कुरा सुनेपछि कक्षा ९ मा अध्ययनरत २६ जना बिद्यार्थीले आफूले खाजा खान ल्याएको पैसाबाटै केही रकम छुट्याए। कसैले १० रुपैयाँ दिए, कसैले २० रुपैयाँ त कसैले ५० रुपैयाँ। सानो(सानो रकम जोडिँदै जाँदा ४७० रुपैयाँ जम्मा भयो ।

त्यो ४७० रुपैयाँ रकमका पछाडि ठूलो भावना थियो( आफूले खाजा खान खर्च गर्ने पैसामध्ये केही कटाएर भए पनि बाढीपीडितको आँसु पुछ्ने प्रयास

त्यस्तै कक्षा ११ का बिद्यार्थीहरूले पनि खाजा खान ल्याएको पैसाबाट केही रकम कटौती गरेर ४०० रुपैयाँ राहत कोषमा जम्मा गरे। रकम सानो देखिएला, तर भावना निकै ठूलो थियो

बिद्यालयका प्रधानाध्यापक यादबका अनुसार शिक्षक र बिद्यार्थीलाई सहयोगका लागि प्रेरित गर्न बिद्यालयमै कार्यरत

बाँकी तेश्रो पेजमा

## बाढीमा ज्यान गुमाउनेको संख्या ६७५ पुग्यो, झण्डै २५ सय सम्पर्कविहीन

काठमाण्डौं,१३ भदौ/भोटेकोसीको बाढीमा ज्यान गुमाउनेको संख्या ६७५ पुगेको छ भने अझै दुई हजार ४९८ जना सम्पर्कविहीन रहेका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, शनिबार साँझ साढे ६ बजेसम्म नदी किनारमा ६७५ जनाको शव भेटिएको छ। सबैभन्दा बढी चितबनमा २४६ जनाको शव भेटिएको प्राधिकरणले



जनाएको छ ।

यसैगरी, रसुवामा १३, नुवाकोटमा ५१, धादिङमा ४५, गोरखामा ५७, नबलपरासी पूर्वमा १६५, नवलपरासी पश्चिममा ६३ र तनहुँमा ३५ जनाको शव भेटिएको छ ।

भोटेकोसी बाढीपछि दुई हजार ४९८ जना सम्पर्कविहीन रहेको प्राधिकरणले जनाएको छ। सबैभन्दा बढी जलविद्युत् आयोजनामा कायरत ९३३ जना सम्पर्कविहीन छन् । उनीहरूको खोजी जारी रहेको प्राधिकरणले जनाएको छ ।

यसैबीच रसुवाको भोटेकोशी बाढीका कारण प्रभावितको उद्धारका क्रममा नेपाली सेनाका हेलिकप्टरद्वारा आज दिउँसोसम्म ४३ बिदेशीसहित २०८ नागरिक त्रिशूली(३ जलविद्युत् आयोजनाको सुरुङबाट उद्धार गरिएको छ ।

सुरुङमा रहेका ३८ चिनियाँ र पाँच भारतीयसहित २०८ जनाको उद्धार गरिएको नेपाली सेनाले जनाएको छ । उद्धारका लागि रहेको संयुक्त टोलीले 'ड्रिलिङ मेसिन'लगायत सामग्रीको प्रयोग गरी सुरुङको बाहिरी भाग पत्ता लगाउने प्रयास भइरहेको जनाइएको छ ।

साथै, प्रभावित जिल्ला रसुवा, नुवाकोट, धादिङलगायत नेपाली सेनाको करिब सात हजारभन्दा बढी फौज खटिई समन्बयात्मक रूपमा घाइतेको खोज तथा उद्धार कार्य, आपतकालीन उपचार तथा शव व्यबस्थापन कार्य भइरहेको सेनाले जनाएको छ ।

## भोटेकोशी बाढी पीडितका लागि कोल्हवीमा राहत संकलन समिति गठन

कोल्हबी १३ भदौ/भोटेकोशीमा आएको बिनाशकारी बाढीबाट प्रभावित तथा पीडित परिबारहरूका लागि राहत संकलन गर्ने उद्देश्यले कोल्हबी नगर उद्योग बाणिज्य संघको पहलमा १५ सदस्यीय राहत संकलन समिति गठन गरिएको छ ।

कोल्हबी नगर उद्योग बाणिज्य संघको आयोजनामा सम्पन्न बैठकले समितिको संयोजकमा कोल्हबी नगर उद्योग बाणिज्य संघका रामप्रसाद प्रसाईलाई चयन गरेको छ ।

त्यसैगरी समितिका सदस्यहरूमा नागरिक उन्मुक्ति पार्टी नेपालको तर्फबाट भुवन चौधरी, नेकपाका तर्फबाट रामचन्द्र साफी, नेपाली कांग्रेसकातर्फबाट बिरेन्द्र चौधरी, नेकपा एमालेकातर्फबाट पुरनदेब चौधरी, ब्लोदानका तर्फबाट रामकुमार उप्रेती, सहकारी क्षेत्रका तर्फबाट पारसनाथ चौधरी, थारु कल्याणकारी सभा (थाकस) तर्फबाट रामनाथ चौधरी, पत्रकारतर्फबाट धिरेन्द्र पनुहर तथा महिला प्रतिनिधिका रूपमा प्रेमकुमारी चौधरी लगायत चयन भएका छन् ।

बैठकमा कोल्हबी नगरपालिकाका नगर प्रमुख रामप्रसाद चौधरी, उपप्रमुख लक्ष्मीकुमारी चौधरीलगायत बिभिन्न राजनीतिक दलका प्रमुख तथा

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

CS CamScanner

## सम्पादकीय........

# शव व्यवस्थापन हतार कि बाध्यता

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले बगाएर नारायणी र त्रिशूली नदी तटीय क्षेत्र आइपुगेका शवहरूको व्यवस्थापन अहिले चितवन प्रशासनका लागि गम्भीर चुनौती बनेको छ ।

चितवन जिल्लामा फेला परेका २ सय ३३ शवमध्ये हालसम्म न्यून संख्याको मात्र सनाखत हुन सकेको छ। बाँकी रहेका २ सय २९ बेवारिसे शवहरूलाई भरतपुर महानगरपालिका(१ स्थित देवघाटको खुला क्षेत्रमा जमिनमुनि गाडेर व्यवस्थापन गर्ने चितवन जिल्ला प्रशासन कार्यालय र सुरक्षा समितिको निर्णयले प्राकृतिक विपद्पछिको अर्को दर्दनाक तस्बिर सार्वजनिक गरेको छ ।

लामो समय होल्डिङ सेन्टर र स्वास्थ्य संस्थाहरूमा राखिएका शवहरू अत्यधिक सडे(गलेको अवस्थामा पुगेका र संक्रमण तथा महामारीको उच्च जोखिम बढेकाले यो कदम चालिएको सरकारी तर्क छ । जनस्वास्थ्य सुरक्षाका दृष्टिले यो एउटा बाध्यकारी कदम त हो, तर यस्तो संवेदनशील प्रक्रियामा प्रशासनिक हतारो मात्र नभई मानवीय मर्यादा र कानुनी निष्ठाको पूर्ण पालना हुनु अनिवार्य छ । ढिलो गरी जारी गरिएको 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०८३' को जगमा टेकेर भइरहेको यो व्यवस्थापनमा प्रक्रियागत त्रुटीहरू नदोहोरिऊन् भन्नेतर्फ सरोकारवाला निकाय निकै सचेत बन्नुपर्छ ।

प्रशासनले प्रत्येक शवको डीएनए नमुना संकलन गर्ने र विशिष्ट संकेत नम्बर (ट्याग) सहित अभिलेख राख्ने प्रतिबद्धता जनाएको छ, जुन सराहनीय र अनिवार्य सर्त हो । यो प्रक्रिया कागजी औपचारिकतामा मात्र सीमित हुनु हुँदैन । देवघाटको जंगल क्षेत्रमा दुई वटा डोजर प्रयोग गरेर सामूहिक चिहान जसरी खनिएका खाल्डोहरूमा शव राख्दा भौगोलिक अवस्थिति तस्बिर, र भिडियो रेकर्ड स्पष्ट रूपमा सुरक्षित गरिनुपर्छ ।

बाढी प्रभावित क्षेत्र तथा भारतसहितका विभिन्न मुलुकबाट आफ्ना हराएका आफन्तको खोजीमा चितवनसम्म आइपुगेका परिवारहरू निराश भई फर्किनुपरेको अवस्था छ । भविष्यमा तिनै आफन्तहरूको डीएनए परीक्षण म्याच हुँदा शवको सही पहिचान र उत्खनन गरी स(सम्मान परिवारलाई हस्तान्तरण गर्न मिल्ने वैज्ञानिक वातावरण सुरक्षित राख्नु राज्यको प्राथमिक दायित्व हो।विपद्को यो असामान्य घडीमा शवगृहहरूको अभाव वा भण्डारण क्षमताको सीमा देखाएर नागरिकको पहिचान र सम्मानपूर्वक अन्तिम संस्कार पाउने हकलाई हतारमा पन्छाउन मिल्दैन ।

देवघाटमा भइरहेको यो सामूहिक शव व्यवस्थापन केवल एउटा प्रशासनिक कार्यभार मात्र होइन, यो हजारौं शोककुल परिवारको आस्था, आशा र सत्य थाहा पाउने अधिकारसँग जोडिएको विषय हो ।

त्यसैले, संक्रमण रोक्ने हतारोका बीच पनि वैज्ञानिक अभिलेखीकरण र मानवीय संवेदनशीलतामा कुनै सम्झौता गरिनु हुँदैन ।

# वनबाट धनी बनौं




नेपालको कुल क्षेत्रफलको ४६ प्रतिशतभन्दा बढी क्षेत्र बनजङ्गल रहेको छ । हालको अवस्था हेर्दा दक्षिण एसियामा भुटानपछि नेपालमा सबैभन्दा बढी बनक्षेत्र रहेको छ । भुटानमा कुल क्षेत्रफलको ७० प्रतिशतभन्दा बढी बनक्षेत्र रहेको छ । भुटानमा बनक्षेत्र बढी भए पनि संरक्षणका सबै अवयव हेर्दा भुटानको भन्दा नेपालले बढी सफलता हात पारेको छ । बिश्वका दुर्लभ र अति सङ्कटापन्न बन, बनस्पति र बन्यजन्तु नेपाल छन् ।

नेपालको बनजङ्गलको संरक्षणको मोडेल समुदायमा आधारित छ । यो मोडेल दक्षिण एसियामा मात्र नभई बिश्वभर नमुनायोग्य मोडेल मानिएको छ । नेपालको सामुदायिक बनको इतिहास आधा दशक लामो छ। २०१७ सालको राजनीति परिवर्तनपछि तराईका बनजङ्गल मासिने क्रम निकै बढेर गएको र पहाडमा पनि जथाभाबी रुख कटान गर्ने प्रवृत्तिले डाँडाकाँडा रातोमाटे देखिन थालेपछि तत्कालीन अवस्थामा स्थानीय समुदायले बस्तीछेउछाउ बन नहुँदाको पीडा भोग्न थाले। गाईबस्तुलाई चरन अभाव, स्याउला सोत्तर तथा घाँसदाउराको समस्या, भूक्षण तथा पहिरो, पानीको मूल सुक्नेलगायतका समस्या भोग्नुपर्ने अवस्था आएपछि स्थानीय समुदायले आफ्नो नजिकको डाँडाकाँडामा बचेखुचेको बनजङ्गल संरक्षण गर्न पहल गरे । यो पहल सिन्धुपाल्चोकको ठोकर्पागाउँबाट भएको थियो । बन कार्यालयका सीमित कर्मचारीका आँखा सबै ठाउँमा पुग्न नसक्दा भएको बनबिनाश रोक्न २०३० सालमा स्थानीय समुदायलाई बन संरक्षण जिम्मा दिने नीति अवलम्बन गर्‍यो; जसलाई सामुदायिक बन अभियानका रूपमा बुझ्न सकिन्छ ।

समुदायमुखी बन संरक्षण अभियानको प्रतिफल आज नेपालले बिश्वसामु गर्वका साथ देखाउन पाएको छ । नेपालको कुल भूभागको ४६.०८ प्रतिशत बनजङ्गलमध्ये बास्तबिक बनक्षेत्र ४३.३८ प्रतिशत र झाडी तथा बुट्यान क्षेत्र २.७० प्रतिशत छ । अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा कुल भूभागको कम्तीमा ३० प्रतिशत बनक्षेत्र संरक्षण गर्न'पर्ने उल्लेख भए पनि नेपालले भने यो मापदण्डभन्दा बढी नै बनक्षेत्र जोगाएको छ। बिश्वका कतिपय बिकसित मुलुकले यो मापदण्ड अझै पनि पूरा गर्न सकेका छैनन् । सार्क मुलुक बङ्गलादेशमा त कुल क्षेत्रफलको १० प्रतिशत मात्र बनक्षेत्र छ । बेलायतमा कुल भूमिको मुस्किलले १२ प्रतिशतभन्दा बढी बनक्षेत्र छैन, त्यो पनि पार्क तथा सहरी बनलाई समेटिएको बिभिन्न अध्ययनबाट देखिएको छ ।

गाउँघरको बास्तबिकता

नेपालमा पछिल्ला दिनमा गाउँघरको बास्तविकता अझै फरक छ । गाउँबाट सहर र सहरबाट बिदेसिने क्रम बढेसँगै खेतबारी बाँझा हुँदा झाडी, बुट्यान र जङ्गलको क्षेत्र फराकिलो हुने दर पनि उत्तिकै बढिरहेको छ । कतिपय सिङ्गो गाउँ नै तराईमा बसाईंसराइ हुँदा पहाडी भेग सुनसान भइरहेका छन् । फलस्वरूप बाँदर, बँदेललगायतका बन्यजन्तुले बालीनाली नोक्सानी गर्ने समस्या राष्ट्रिय समस्याका रूपमा खडा भइरहेको छ ।

राष्ट्रिय कृषि गणना-२०७८ का अनुसार नेपालमा कृषियोग्य जमिन २७.८९ प्रतिशत छ । यो भनेको कुल क्षेत्रफलको ४१ हजार २७५ बर्गकिलोमिटर हो । पछिल्ला दिनमा सहरभन्दा बाहिरका खेतीयोग्य जमिन पनि बाँझो रहन थालेका छन् । परम्परागत कुलो, भँगालो, पानीको स्रोत अहिले बन्जर हुँदै गएका छन् । खेती गर्न मान्छे नभएपछि बासमती फल्ने फाँटमा मिचाहा प्रजातिका घाँस र झाडी उम्रिन थालेका छन् ।

बन तथा बाताबरण मन्त्रालयको तथ्याङ्क अनुसार नेपालमा २३ हजार १६२ बटा सामुदायिक बन उपभोक्ता समूह बिधिबत् रूपमा दर्ता भई क्रियाशील रहेका छन्। जसले २५ लाख ९० हजार ८२५ हेक्टर बनक्षेत्रको प्रत्यक्ष संरक्षण र व्यबस्थापन गरिरहेका छन् ।

सामुदायिक बनका अतिरिक्त ३३ बटा साझेदारी बन र सात हजार ८०७ बटा कबुलियती बन समूहमार्फत पनि बनको बैज्ञानिक व्यबस्थापन भइरहेको छ। पछिल्ला दिनमा निजी बन बनाउने लहर पनि चलेको छ । निजी क्षेत्रको लगानीमा संबर्धन भएका बनको हिसाब गर्दा देशभर पाँच हजार ५५२ बटा निजी बन दर्ता भई सञ्चालनमा आएका छन् । ४६ प्रतिशत बनक्षेत्रभित्र २३.४ प्रतिशत भूभाग बिभिन्न राष्ट्रिय निकुञ्ज, आरक्षले ओगटेका छन् ।

संरक्षणको क्षेत्रमा नेपालले पहिलो चरण पार गरिसकेको र अब दोस्रो चरणमा मुलुकको समृद्धिका लागि यसको सदुपयोग गर्न'पर्ने कुराको बहस पछिल्ला दिनमा चलिरहेको छ । बन केबल देखाउनका लागि मात्र नभई बनलाई धनमा रूपान्तरण गर्न' नै आजको आबश्यकता भएकाले सरकारले पनि त्यही अनुरूप नीति निर्माण, परिमार्जन र संशोधनतर्फ ध्यान दिन जरुरी छ ।

नेपालले हालसम्म प्राप्त गरेका उपलब्धि केबल नेपालका लागि मात्र नभएर बिश्वजगत्का लागि समेत उल्लेख गर्ने खालका छन् । संरक्षणका नाममा नेपाली समाजले बरु खासै आर्थिक लाभ लिन नसके पनि मानबजातिका लागि दुर्लभ बन, बनस्पति र बन्यजन्तु नेपालले संरक्षण गरिदिएकाले नेपालको संरक्षण भाबी पुस्ताका लागि समेत भएको छ ।

दुर्लभ बन्यजन्तुको बासस्थान

पछिल्लो तथ्याङ्क अनुसार बिश्वमा दुर्लभ मानिएका बन्यजन्तुमा बाघको सङ्ख्या ४२९ पुगेको छ भने गैंडाको सङ्ख्या ७५२ र अर्नाको सङ्ख्या ४९८ छ । रेड पान्डा, हिउँचितुवा, कृष्णसारका लागि नेपाल उर्बरभूमि जस्तै भएको छ । संसारमा प्राकृतिक बासस्थानमा बाघ संरक्षणमा ठुलो प्रगति गरेको मुलुकको सूचीमा नेपाल दर्ज भएको छ। उच्च हिमाली क्षेत्रमा पाइने पाँचऔंले, जटामसीलगायतका औषधीजन्य बनस्पति संरक्षणमा नेपालको स्थान अग्रपङ्क्तिमा छ। अरू मुलुकमा हराएका बन, बनस्पति र बन्यजन्तु नेपालमा पाइनु, देखिनुले नेपाल दुर्लभ र सङ्कटापन्न चराचरको सुरक्षित बासस्थान जस्तै भएको छ । देशभर स्थापना भएका ११ बटा बनस्पति उद्यानमार्फत एक हजार ३२३ प्रजातिका बनस्पतिको संरक्षण र संबर्धन भइरहेको छ ।

पर्यटन बिकास

नेपालले बिदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोत भनेको बैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स र पर्यटन व्यबसाय हो । नेपाल आउने कुल पर्यटनमध्ये ९० प्रतिशतभन्दा बढी बिदेशी पर्यटक प्राकृतिक सौन्दर्य, रमणीयता र पदयात्रामा जाने गरेका छन् ।

प्राकृतिक बासस्थानमा सिकारलाई झम्टिँदै गरेको बाघको सिकारी रूप सहज रूपमा देखिनु, हात्ती, गैंडाका क्रीडामय अवस्था देखिनु, पदयात्रा स्वच्छ बाताबरण अनि मनमोहक दृश्यावलोकनका केन्द्र हुनु, मानबनिर्मितभन्दा प्राकृतिक तालतलैया र सिमसार क्षेत्रका कारणले नेपाल आउने पर्यटन प्रकृतिलाई स्पर्श गर्न आउने गर्छन् । बनजङ्गल छ, सुन्दरता छ, गगनचुम्बी महल र बिकासमा बाक्क र दिक्क भएका पर्यटक त्यही सुन्दरताको चुम्बन गर्न नेपाल भित्रिने गरेका छन् ।

कार्बन उत्सर्जन न्यूनीकरण

नेपाल आणबिक भट्टी नभएको मुलुक हो । यद्यपि कार्बन उत्सर्जन न्यूनीकरणका लागि अहम् भूमिका खेल्ने मुलुक हो, कार्बन उत्सर्जनमा नेपालको भूमिका नगण्य जस्तै छ। नेपालले गरेको हरियाली बिकासले प्राणबायु अक्सिजन उत्पादन गरी अधिक कार्बन उत्सर्जन गर्ने बिकसित मुलुकलाई चुनौती दिँदै आएको छ । अति कम बिकसित मुलुकको सूचीमा रहेको नेपालले बिकासको उच्चतम बिन्दुमा पुगेको समुदायलाई स्वच्छ अक्सिजन प्रवाह गरेबापत पछिल्ला दिनमा कार्बन वित्तको ठुलो हिस्सा नेपाल भित्र्याउन थालेको छ। अर्बौं रुपियाँ कार्बन बित्त भित्र्याउन सक्ने क्षेत्र बनजङ्गल भएकाले पछिल्ला दिनमा 'हरियो बन नेपालको धन' को भाबार्थ फरक ढङ्गले बुझ्नुपर्ने बहस चल्न थालेको छ ।

बनबाट आर्थिक रूपान्तरण

फिनल्यान्ड, स्विडेन, क्यानडा, ब्राजिललगायतका मुलुकको आर्थिक बिकासको ठुलो हिस्सा बनमा आधारित उद्योगधन्दाको छ । पछिल्ला दिनमा चीनले पनि काष्ठजन्य उत्पादनलाई बिश्व बजारमा पुर्‍याउन सफल भएको छ । यद्यपि क्षेत्रफलका आधारमा बनजङ्गलको अवस्था केलाउँदा यी मुलुकभन्दा नेपालमा बढी क्षेत्रफलमा बनजङ्गल छ। फिनल्यान्डका अर्थशास्त्री क्यास्टेल तुरुक्काको भनाइमा रुख भनेको खसी पाले जस्तै पाल्ने अनि काटेर मासुको परिकार बनाएर खाए जस्तै हो । एउटै रुख पुस्तौंसम्म जोगाउने होइन, बिरुवाका प्रजातिहरूको बंश जोगाएर बिरुवा उमार्ने, हुर्काउने, काट्ने र प्रयोग गर्ने हो । उहाँका भनाइमा बनजङ्गल धनियाँको खेती जस्तै हो, यसलाई नगदे बाली बनाउन सके मुलुकलाई समृद्ध बनाउन सकिन्छ ।

अर्थशास्त्री तरुक्काको भनाइ मान्ने हो भने नेपालले हाल बन जोगाएको छ तर बनबाट जुन रूपमा फाइदा लिनुपर्ने हो, त्यो लिन सकिरहेको छैन । त्यो फाइदा अब लिन सक्नु पर्छ। त्रिभुवन बिश्वबिद्यालयका प्राडा राजेशकुमार राईका अनुसार बन पाल्ने, जोगाउने काम नेपालले पूरा गरिसक्यो, अब यसको सदुपयोग गर्न जरुरी छ ।

हाल बनजङ्गलमा काठ सडेर, कुहिएर बसेको छ तर बिदेशबाट सस्तो कुकाठ, आल्मुनियमलगायतका बस्तु आयात गरेर बर्षको झन्डै १६ अर्ब रुपियाँ बाहिरिरहेको छ । तराईका चारकोसे झाडीमा सालका जङ्गलमा पुराना धोद्रा रुख समयमा काट्न नसक्दा नयाँ बोट उम्रिन पाएका छैनन्। मानब समाजको चक्र जस्तै स्वस्थ बनजङ्गलमा पनि रुखको उमेरचक्र हुनु जरुरी हुन्छ । बनजङ्गलभरि पुराना, धोद्रा रुख मात्र हुने र पछिल्ला पुस्ताका रुख नउम्रिने हो भने कालान्तरमा त्यो बन उजाड हुने सम्भावना हुन्छ । बनमा पनि बाजेपुस्ताका रुखदेखि लिएर छोरा हुँदै भर्खरका नाति पुस्ताका रुख जन्मिनु पर्छ र हुर्किनु पर्छ । तब बनजङ्गलको फाइदा भाबी पुस्तासम्मले लिन सक्ने हुन्छ। हाल नेपालमा बनको उचित र बैज्ञानिक व्यबस्थापन गर्न नसक्दा बार्षिक रूपमा तीन करोड ९७ लाख घनमिटर काठ उत्पादन हुन सकिरहेको छैन । काठ उत्पादन हुन सक्ने सम्भाबना भएर पनि कटान नगर्दा बार्षिक रूपमा १९ अर्ब ९५ करोड मुलुकले बनक्षेत्रबाट आम्दानी गुमाइरहेको छ भने अर्कातर्फ काठको सट्टा प्रयोग हुने आल्मुनियमलगायतका सामान बिदेशबाट मगाउँदा १६ अर्ब रुपियाँ बाहिरिँदै गएको छ ।

**साभार: गोरखापत्र**

सम्पूर्ण इलेक्ट्रोनिक सामानहरु तथा ल्यापटप, डेस्कटप किस्ताबन्दीमा पाईन्छ ।




आधिकारित बिक्रेताः काब्य टेड्रिङ्ग कनर्सन, वीरगंज, पर्सा (सम्पर्क नं.: 9843113435, 9746620950, 9844250388)

# रसुवाको टिमुरेबाट ६ वर्षीया बालिकाको ६० घण्टापछि जीवितै उद्धार

काठमाण्डौं,१३ भदौ/रसुवाको गोसाईकुण्ड गाउँपालिका( २, टिमुरेमा ६ वर्षीया बालिकाको ६० घण्टापछि जीवितै उद्धार गरिएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल ( एपीएफ)को टोलीले बालिकाको माटोमुनिबाट उद्धार गरेको हो। शुक्रबार साँझ खोज तथा उद्धारमा खटिएको एपीएफको टोलीले बालिकाको उद्धार गरेको सशस्त्र प्रहरीले जनाएको छ ।

भदौ १० गते बिहान भोटेकोसीमा आएको बाढीले रसुवागढीसहित तल्लो तटीय क्षेत्रमा जनधनको ठूलो क्षति गरेको थियो । बाढीमा हराइरहेका मानिसको खोजीका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना खटिएका छन् ।

यसैक्रममा सशस्त्रको टोलीले टिमुरे क्षेत्रमा खोज तथा उद्धार गरिरहेको छ । खोजबिनका क्रममा सशस्त्र प्रहरीको बोर्डर आउटपोस्ट टिमुरेबाट करिब दुई सय मिटर नजिक बाढीले थुपारेको ढुंगा र काठभित्रबाट बालिकाको उद्धार गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

टिमुरेबाट उद्धार गरिएकी बालिकाको नाम मनिषा मगर रहेको सशस्त्र प्रहरी बलका सह(प्रवक्ता शैलेन्द्र थापाले बताउनुभयो । थप जानकारी लिने काम भइरहेको उहाँले बताएउनुभएको छ। उद्धारपछि सशस्त्र प्रहरीले सुरक्षित स्थानमा राखेर प्राथमिक उपचार गरेको छ ।

शुक्रबार साँझ टिमुरे बीओपीमै सुरक्षित राखिएको थियो । आज थप उपचारका लागि उनलाई काठमाडौंको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पताल भर्ना गरिएको छ ।

## चितवनमा पहिचान नखुलेका शवको व्यवस्थापन शुरु

काठमाण्डौ १३ भदौ/भोटेकोशीको बाढीमा बगेर चितवन पुगेका र पहिचान नखुलेका शवहरूको सुरक्षित व्यवस्थापन शुरु गरिएको छ ।

शवहरू अत्यधिक सडेगलेर दुर्गन्ध फैलिई महामारीको जोखिम बढेपछि जिल्ला प्रशासन कार्यालय चितवनको निर्णयअनुसार आज दिउँसोदेखि भरतपुरको रामनगर र देवघाटबीचको जङ्गल क्षेत्रमा शव गाड्न थालिएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ ।

चितवनमा संकलन गरिएका २ सय ३३ शवमध्ये ६ वटा मात्रै आफन्तको जिम्मा लगाइएको छ । बाँकी शवहरूलाई भने भविष्यमा आफन्तले दाबी गर्न आएमा सहजै उत्खनन गर्न सकिने गरी अन्तर्राष्ट्रिय रेडक्रस समिति (आइसीआरसी) को वैज्ञानिक मापदण्ड अपनाएर व्यवस्थापन भइरहेको छ । प्रक्रिया अनुसार, हरेक शवको डीएनए नमुना सङ्कलन गरी विशेष ब्यागमा साङ्केतिक नम्बरसहित डेढ मिटर गहिरो खाडलमा पुरिनेछ । शव गाडिएको ठाउँको जीपीएस म्यापिङ गर्नुका साथै बाहिरपट्टि साङ्केतिक नम्बर अङ्कित कङ्क्रीटको स्ट्यान्ड खडा गरिनेछ ।

बेपत्ताका आफन्तले आफ्नो जिल्ला अस्पतालमा दिएको डीएनए नमुना यी शवहरूसँग मिलेमा, चितवन आएर प्रहरीको रोहबरमा शव खनेर बुझिलिन सक्ने व्यवस्था मिलाएको प्रहरीले जनाएको छ ।

## चीनका राष्ट्रपतिको बैठक : नेपाललाई आपतकालीन सहयोग र अन्तर्राष्ट्रिय उद्धार सहकार्य गर्ने

काठमाडौं,१३ भदौ/चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी)को बैठकले नेपालमा बिपत्तिबाट प्रभावित क्षेत्रमा आपत्कालीन सहायता उपलब्ध गराउने तथा अन्तर्राष्ट्रिय उद्धार सहकार्य अघि बढाउने निर्णय गरेको छ । राष्ट्रपति सि जिनपिङको अध्यक्षतामा आज बसेको सीपीसीको राजनीतिक ब्यूरोको बैठकले केरुङ क्षेत्रमा आएको बाढीको विश्लषेण गर्दै त्यसक्रममा नेपाललाई पनि सहयोग गर्ने निर्णय गरेको सिन्ह्वाले जनाएको छ। राष्ट्रपति सीको अध्यक्षतामा बसेको बैठकमा उहाँले विनाशकारी पहिरोपछि जारी उद्धार तथा राहत कार्यबारे छलफल गरी आबश्यक व्यवस्था गर्न निर्देशन दिनुभयो ।

## भक्तपुरका खेतमा...

तिर्न भोज खुवाउने परम्परा सदियौंदेखि रहँदै आएको उहाँले बताउनुभयो । प्रत्येक खेतमा पूजा गर्ने चलन रहेकाले धेरैतिर खेत हुने यहाँका किसानलाई सबैतिर पुग्न आज भ्याइनभ्याइ हुन्छ ।

त्यस परम्परालाई स्थानीय नेपाल भाषामा 'ब्यां चा जानका बानेगू' भन्ने गरिएको पाइन्छ । नेपालभाषामा 'ब्यां' को अर्थ भ्यागुतो र 'जानका बानेगू' को अर्थ खाना खान जाने हुन्छ ।

संस्कृतिविद् तेजेश्वरबाबु ग्वङ्गले भ्यागुतालाई किसानका सहयोगीका रूपमा लिएर सम्मान साथ भोज खुवाउने परम्परा रहेको बताउनुहुन्छ । भ्यागुताले बिभिन्न माध्यमबाट बालीनाली संरक्षण गरी किसानलाई सहयोग गर्ने गरेको तथा भ्यागुतो उफ्रँदा बारीमा मल फिँजिने र बाली बिगारिदिने कीटाणु खाइदिएर किसानलाई गुन लगाउने हुँदा भ्यागुताको पूजा र भोज खुवाउने परम्परा रहँदै आएको उहाँ बताउनुहुन्छ ।

खेतमा काम गर्ने सिलसिलामा धेरै कीरा फट्याङ्ग्रा मारिने हुँदा क्षमा माग्दै भ्यागुतालाई भात खुवाउने चलन रहेको समेत विश्वास छ ।

'भ्यागुता हाम्रो समाजमा बैद्धिक कालमा भएको गुरुचेलाको परम्परा हो, गुरुले उच्चारण गर्ने र शिष्यले त्यसैलाई हुबहु उच्चारण गर्ने मौखिक शिक्षा प्रणाली पनि भ्यागुताबाट नै शुरू भएको मानिन्छ', संस्कृतिविद् धौभडेल भन्नुहुन्छ, 'यो परम्परा चल्नुमा प्रेरणाको स्रोत अर्थात् महान् गुरु भ्यागुतो हो ।'

भ्यागुताबाटै नै पूर्वजले शैक्षिक विद्याको शुरुआत गरेको प्रमाण ऋगवेदको 'मन्धुक रिचा' मा उल्लेख गरिएको बताउँदै उहाँ भन्नुहुन्छ, त्यस आधारमा भ्यागुताबाट नै पठनपाठन परम्परमा शुरू भएको मान्न सकिन्छ । खेतमा भ्यागुतालाई खानेकुरा लिएर जानुअघि घर नजिक रहेको मन्दिरमा गएर पूजाआजा गर्ने चलन छ ।

## भोटेकोशीबाढीपीडितका...

प्रतिनिधि, रास्वापा कोल्हबी नगर कमिटीका उपसभापति जितनप्रसाद चौधरीलगायतको उपस्थिति रहेको थियो

बैठकले बाढी प्रभावित तथा पीडित परिवारहरूलाई आबश्यक राहत सामग्री उपलब्ध गराउन नगर क्षेत्रमा व्यापक रूपमा सहयोग संकलन अभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।

राहत संकलन अभियानलाई प्रभावकारी बनाउन राजनीतिक दल, व्यापारी, सामाजिक संघसंस्था, सहकारी, सञ्चारकर्मी तथा सर्वसाधारण नागरिकसँग सहयोगका लागि अपिल गर्ने निर्णयसमेत गरिएको छ। समितिले संकलित राहत सामग्री तथा आर्थिक सहयोगलाई पारदर्शी ढंगले व्यवस्थापन गरी वास्तविक बाढीपीडितसम्म पुऱ्याउने लक्ष्य लिएको जनाएको छ ।

## राहतसंकलनमा...

निमावि शिक्षक निरञ्जन यादवको अग्रणी भूमिका रहेको थियो ।

विद्यार्थीहरूले जम्मा गरेको रकमको विवरणसहितको सूची कसैले सामाजिक सञ्जाल फेसबुकमा पोस्ट गरेपछि यो विषय अहिले सामाजिक सञ्जालमा भाइरल बनेको छ। हजारौं मानिसले उक्त पोस्ट शेयर गर्दै विद्यार्थी तथा शिक्षकहरूको मानवीय भावनाको प्रशंसा गरिरहेका छन् ।

कतिपयले ठूलो रकम सहयोग गर्न नसके पनि 'दुःखमा साथ दिन रकमको आकार होइन, मन ठूलो हुनुपर्छ' भन्ने सन्देश विद्यार्थीहरूले दिएको बताएका छन् ।

साँच्चै, विपत्तिमा कसैले करोडौं रुपैयाँ सहयोग गर्छन्, कसैले लाखौं। तर, खाजा खान बोकेको पैसाबाट १० रुपैयाँ, २० रुपैयाँ र ५० रुपैयाँ छुट्याएर पीडितका लागि सहयोग गर्ने यी बालमनको योगदानलाई पैसाले मात्र नाप्न सकिँदैन ।

किनकि ती विद्यार्थीले राहत कोषमा केवल रुपैयाँ जम्मा गरेका छैनन उनीहरूले पीडित परिवारका लागि आफ्नो सानो खुसी त्यागेर मानवताको ठूलो उदाहरण प्रस्तुत गरेका छन् ।

# सरकारको अनुमतिपछि सुरुङको उद्धारमा खटियो भारतीय र चिनियाँ टोली



काठमाण्डौ १३ भदौ/भोटेकोशी बाढीका कारण रसुवाको माथिल्लो त्रिशूली(३ ए जलविद्युत् आयोजनाको सुरुङभित्र फसेका मानिसहरूको उद्धारका लागि चिनियाँ विज्ञ टोलीलाई परिचालन गरेको सरकारले जनाएको छ ।

सरकारको अनुमतिमा ६ जना चिनियाँ विज्ञ खटाएको प्रधानमन्त्री सचिबालयले जनाएको छ । उनीहरू चिनियाँ हेलिकप्टरमार्फत् सोझै त्रिशूली क्षेत्रमा अवतरण गरेका हुन् । टोलीले नेपाली सेनाको विज्ञ टोलीसँग समन्वय र सहकार्य गर्दै संयुक्त रूपमा उद्धारको काम शुरु गर्ने प्रधानमन्त्रीको सचिबालयले जनाएको छ ।

संयुक्त टोलीले सुरुङभित्रको वस्तुस्थिति र सम्भाव्यताको प्राविधिक अनुगमन गर्नेछ। प्रारम्भिक अनुगमनका आधारमा उद्धार सम्भव हुने देखिएमा चीनतर्फ रसुवा सीमा क्षेत्रमा तम्तयार अवस्थामा राखिएका चिनियाँ विज्ञहरूलाई पनि तत्काल घटनास्थलमा बोलाइने सचिबालयले जनाएको छ ।

सुरुङमा उद्धारका लागि यसअघि आजै भारतबाट आएको ११ सदस्यीय उच्च विशेष प्राविधिक टोली परिचालन भइसकेको परराष्ट्रमन्त्री शिशिर खनालले जानकारी दिनुभयो ।

सुरुङ उद्धारमा नेपाली विज्ञता कम रहेको र विदेशी जनशक्ति प्रयोग गर्नुपर्ने विज्ञहरूको सुझाव आइरहेका बेला सरकारले विदेशी टोली परिचालन गरेको हो । यसअघि नेपाली टोलीले सुरुङको मार्ग पत्ता लगाउन ड्रिलिङ सुरु गरिसकेको छ


ॐ
शुभलक्ष्मि बहुउद्देश्यिय सहकारी संस्था लिमिटेड
वीरगंज महानगरपालिका-१३, पर्सा, नेपाल
द्वारा संचालित
अफसेट प्रिन्टिङ प्रेस — गुणस्तरीय छपाई, हाम्रो प्रतिबद्धता
बचत तथा ऋण कारोबार — बचत गरौं, भविष्य सुरक्षित बनाऔं
सहकारी पसल — गुणस्तरीय सामान, उचित मूल्य
॥ सहकारेण समृद्धिः, सेवया जनहितम् ॥
॥ वित्तेन विकासः, वाणिज्येन समृद्धिः, ज्ञानस्य प्रसारः ॥
सद्भावना | पारदर्शिता | उत्तरदायित्व | विश्वास | समृद्धि



॥ सत्यं वदामः, तथ्यं प्रकाशयामः ॥
॥ जनहिताय सञ्चारः, समाजहिताय प्रयासः ॥
कृपा दैनिक | काव्य साप्ताहिक | अर्थकरी पाक्षिक | ईकृपा डटकम
www.ekripa.com
ॐ
ठेगानाः कलैया बारा | सम्पर्कः बिरगंज-१३, पर्सा | सम्पर्क नं.: ०५१५९१८७३, ९८५५०२१८८६


CamScanner

# रसुवा बाढीमा मधेशका १७४ जना सम्पर्कविहीन, २३ जना सम्पर्कमा




जनकपुरधाम, १३ भदौ/रसुवामा आएको बाढी तथा विपद्का क्रममा मधेश प्रदेशका बिभिन्न जिल्लाबाट पुगेका १७४ जना सम्पर्कविहीन भएका छन् । परिबार तथा आफन्तजनले निवेदन तथा टेलिफोन मार्फत टपाएको आधारमा मधेश प्रदेश प्रहरी कार्यालयले तथ्यांक बनाएको प्रवक्ता एसएसपी प्रभु प्रसाद ढकालले जानकारी दिनुभयो ।

मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरले उपलब्ध गराएको थ्यांकअनुसार रसुवामा सम्पर्कबिहीन हुनेमा सबैभन्दा धेरै सप्तरीका ४८ जना छन् । त्यसैगरी पर्साका २९, बाराका २३, रौतहटका १७, महोत्तरीका १७, सर्लाहीका १५, सिरहाका १० र धनुषाका ५ जना रहेका छन् ।

प्रहरीका अनुसार सम्पर्कबिहीन भएकामध्ये केही रसुवाका बिभिन्न जलबिद्युत् आयोजना तथा अन्य क्षेत्रमा काम गर्ने क्रममा त्यहाँ पुगेका थिए ।

सूचीमा पर्साका ज्ञानबहादुर थिङ, श्यामलाल तोक्तान र ओमजर अन्सारी सम्पर्कमा आएको उल्लेख छ । त्यस्तै रौतहटका शेख कामिजलसहित केही ब्यक्ति पनि सम्पर्कमा आएका छन् ।

प्रहरीको अद्यावधिक बिबरणमा सप्तरीतर्फ पनि केही ब्यक्ति सम्पर्कमा आएको उल्लेख छ । सप्तरीका अजय हरिजनको अवस्था सम्पर्कमा आएको जनाइएको छ। यसैगरी अन्य जिल्लाका केही ब्यक्तिका सम्बन्धमा पनि परिबार तथा आफन्तबाट सम्पर्कमा आएको जानकारी प्राप्त भएको प्रहरीको बिबरणमा उल्लेख छ ।

सम्पर्कबिहीन भएकाहरूमा पर्साका बीरगञ्ज महानगरपालिका( २२ का सरराज मियाँ, साहबुमिन अन्सारी, सरसाज मियाँ, समीर मियाँ र राहुल मियाँलगायत छन् ।

पर्साकै बिभिन्न स्थानका उमेशप्रसाद, बीरकिशोर कुमार, रामचरणकुमार, बिनयकुमार साह, सञ्जय साह सोनार, सुरज माझी, सागर मण्डल, सुनिल यादब, रिजबान अन्सारी, आरभ चौधरी, अशोक चौधरिया, लक्ष्मी पटेललगायतको नाम पनि सूचीमा छ।

बारातर्फ श्रीनिबास महतो धानुक, सुमित कुमार मण्डल र निरजकुमार कुशवाहालगायतको नाम सूचीमा छ । रौतहटबाट पनि बिनोद भगत, अभिषेक गुप्ता, गौरब साह, शेख कामिजल, समीर चन्द्रौरी, शंकरदेबीलगायतको नाम प्रहरीको बिबरणमा समेटिएको छ ।

सप्तरीतर्फ सुरज चौधरी, रञ्जनदेबी चौधरी, मनीषकुमार मण्डल, धनञ्जय मण्डल, अजयकुमार यादब, हरिनारायण यादब, साजन चौधरी, बालेन्द्र चौधरीलगायतको नाम बिबरणमा छ ।

मधेश प्रदेश प्रहरी कार्यालयले सम्पर्कबिहीन ब्यक्तिहरूको खोजी तथा अबस्थाबारे जानकारी संकलन गर्ने कार्य जारी राखेको जनाएको छ ।

बाढी प्रभाबित क्षेत्रमा सञ्चार तथा यातायात सम्पर्क अबरुद्ध हुँदा परिबार तथा आफन्तसँग तत्काल सम्पर्क हुन नसकेको अबस्था रहेकाले सम्पर्कमा नआएका ब्यक्तिहरूको अबस्थाबारे थप बिबरण संकलन भइरहेको प्रहरीले जनाएको छ ।

यसैबीच रसुवाको भोटेकोसी नदीमा आएको बाढीपछि सम्पर्कबिहीन भएका मध्ये बाराका एक जना सम्पर्कमा आउनुभएको छ ।

जिल्ला प्रशासन कार्यालय बाराका अनुसार जीतपुरसिमरा उपमहानगरपालिका( १२ शान्तिटोल निबासी तथा नेपाली सेनामा कार्यरत रोहितकुमार साह सम्पर्कमा आउनुभएको हो ।

बाढीपछि सम्पर्कबिहीन भएका अन्य ब्यक्तिहरूको पनि खोजी कार्य नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले जारी राखेका छन् ।

# सर्लाहीमा भारतीय मोटरसाइकल दुर्घटना : दुई युवकको मृत्यु




सिमरा, १३ भदौ/सर्लाहीको बलरा नगरपालिका( ७ डुमरियास्थित बरहथबा(मधुबनी सडकखण्डमा शुक्रबार राति भारतीय नम्बर प्लेटको मोटरसाइकल दुर्घटना हुँदा दुई युबकको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् ।

मृत्यु हुनेमा मोटरसाइकल चालक बलरा नगरपालिका( ६ का १७ बर्षीय अभिनाश बैठा र बीचमा सबार १८ बर्षीय रोहित बैठा रहेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार दुर्घटनापछि घाइते भएका अभिनाशको प्रादेशिक अस्पताल मलङ्गवामा उपचारका क्रममा र रोहितको बीरगञ्जतर्फ उपचारका लागि लैजाँदै गर्दा बाटोमै मृत्यु भएको हो ।

दुर्घटनामा पछाडि सबार भारतको बिहार राज्य सितामढी जिल्ला बथनाहा रनैउली(१० घर भई हाल बलरामा बस्दै आएका २४ बर्षीय शनिकुमार बैठा गम्भीर घाइते भएका छन् । उनको हाल बीरगञ्जमा उपचार भइरहेको छ ।

मोटरसाइकल सडकबाट करिब साढे पाँच फिट तल पुलको साइफनमा खसेको थियो। सर्लाही प्रहरीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक बेदप्रसाद गौतमका अनुसार तीव्र गतिका कारण दुर्घटना भएको हो ।

# भक्तपुरका खेतमा भ्यागुतोलाई भात





काठमाण्डौ १३ भदौ/भक्तपुरका किसानले हिजो बिहानै आ(आफ्नो खेतमा पुगेर भ्यागुताको पूजाआजा गरी भात खुबाएका छन् ।

जनैपूर्णिमाका दिन हिजो धेरैजसो मानिस पूजाअर्चनाका लागि मठमन्दिरमा लाइन लागिरहेका बेला भक्तपुरका किसान भने बिहान सबेरै बिभिन्न खानाका परिकार बोकेर भ्यागुतालाई भात खुबाउन आ(आफ्ना खेततिर लागेका पाइयो ।

भक्तपुरका किसानले ऐनाको कल्पना गरी गोलाकार बनाएर काटिएका मूलाका चानालाई सिन्काले उनेर हातले बटारी केही लाम्चो र डल्लो बनाइएको भातमा अड्याइएको थाली र नाङ्लो बोकेर खेततर्फ लम्किरहेका थिए ।

त्यसमा मालपुबा आकारका स( साना सेता रोटीसँगै क्वाँटीलगायत बिभिन्न तरकारी र खानेकुरा एउटा ठूलो पातमाथि राखिएका थिए । त्यही पातलाई नाङ्लो बा किस्तीमाथि रक्षाबन्धनको धागो र सिन्दूरसमेत राखेर छेबैमा धुबाइरहेको सुगन्धित धूप बालिएको थियो । सुन्दा कतिपयलाई अचम्म लाग्न सक्छ, भ्यागुताको पूजा र भ्यागुतालाई भात ! तर यहाँका नेवार समुदायका किसानले सयौं बर्षदेखि यो परम्परालाई जीबित राख्दै आएका छन् । आफ्ना खेतमा पुगेर आलीमा टुक्रुक्क बसी भ्यागुतालाई पाहुनाका रूपमा डाक्ने र ती परिकार खानका लागि छाडिदिने अनौठ प्रचलन छ ।

पूजाका लागि डाक्ने भ्यागुतो सामुन्ने नआए पनि तिनलाई रक्षाबन्धनको धागो त्यहीं छाडिन्छ । साङ्केतिक रूपमा सिन्दूर पहिर्‍याइन्छ । अनि ऐनाका रूपमा किसानले भातमा गाडिएका मूलाका चाना देखाइदिन्छन् । किसानले खेतमै छाडेर गएको परिकार भ्यागुता आएर खाने जनबिश्वास छ ।

यो परम्परा देख्नेलाई अनौठो लागे पनि भक्तपुरका नेवार समुदायका लागि भने यो नौलो होइन । हरेक बर्षको जनैपूर्णिमाका दिन मनाइने यस पर्वलाई प्रकृतिसँग जोडेर भ्यागुताको पूजा गरिएको स्थानीय संस्कृतकर्मी प्रकाश धौभडेल बताउनुहुन्छ ।

भ्यागुताले पनि किसानका बालीनाली सपारिदिने हुँदा त्यसको गुन

बाँकी तेश्रो पेजमा

# मधेसमा एउटै कार्यालयमा लामो समयदेखि कार्यरत ७६ जना लेखा अधिकृत र लेखापालको सरुवा

जनकपुरधाम, १३ भदौ/मधेस प्रदेश सरकारको अर्थ मन्त्रालयले लामो समयदेखि एउटै कार्यालयमा कार्यरत लेखा समूहका ७६ जना लेखा अधिकृत तथा लेखापालहरूको सरुबा गरेको छ ।

प्रदेशमा आर्थिक सुशासन कायम गर्न, प्रशासनिक दक्षता अभिबृद्धि गर्न र लामो समयदेखि एउटै कार्यालयमा रहेर कर्मचारीहरूले बनाएको एकाधिकार अन्त्य गर्न सरुवाको निर्णय गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार लामो समयदेखि एउटै कार्यालयमा कार्यरत लेखा समूहका ७६ जना लेखा अधिकृत तथा लेखापालहरूको सरुबा गरिएको हो ।

मधेसका अर्थमन्त्री युबराज भट्टराईले २ बर्षभन्दा बढी अबधिदेखि एउटै कार्यालयमा बस्दै आएका र निरन्तर आकर्षक मानिएका अया बा कार्यालयहरूमा कार्यरत सबै कर्मचारीलाई यस सरुबा प्रक्रियामा समाबेश गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'बिगत लामो समयदेखि एउटै अयामा खुट्टा गाडेर बस्ने र निश्चित कार्यालयमा मात्रै सीमित हुने प्रबृत्तिले बित्तीय सुशासनमा चुनौती खडा गरेको थियो । यस किसिमको बेथिति अन्त्य गर्न र प्रशासनिक सुधारको पहल स्वरुप यो कार्य थालिएको हो ।'

बिगतका दिनहरूमा जनशक्ति अभाबको बहानामा एउटै कर्मचारीलाई ३ देखि ४ बटासम्म कार्यालयको जिम्मेबारी सुम्पिने परिपाटी कायम रहेकोमा त्यसलाई पूर्ण रूपमा खारेज गरेको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार अब उप्रान्त रिक्त स्थानहरूमा 'एक कर्मचारी, एक कार्यालय' को नीति कडाइका साथ लागू गरिनेछ ।

अर्थ मन्त्रालय मातहत बा अन्य निकायहरूमा कुनै पनि लेखा अधिकृत बा कर्मचारीले एकभन्दा बढी कार्यालयको जिम्मेबारी सम्हालिरहेको अबस्था भए ती सबैको पुनरबलोकन गरी तत्काल एउटै कार्यालयको जिम्मेबारीमा सीमित गरिने भएको छ ।

मन्त्रालयका अनुसार सरुबा आदेशलाई प्रभाबकारी रूपमा कार्यान्बयन गर्न सरुबा भएका कर्मचारीहरूले ७ दिनभित्र साबिक कार्यालयबाट रमाना लिई नयाँ पदस्थापना भएको कार्यालयमा हाजिर भइसक्नुपर्ने छ ।

तोकिएको समयाबधिभित्र रमाना नलिई बस्ने कर्मचारीको साबिक कार्यालयको खाता सञ्चालन अधिकार रोक्का गर्न प्रदेश कोष नियन्त्रक कार्यालयलाई निर्देशन दिएको मन्त्री भट्टराईको भनाइ छ । उहाँका अनुसार सार्वजनिक प्रशासनलाई थप पारदर्शी र जनउत्तरदायी बनाउने क्रममा सरुबा भएका कर्मचारीहरूको सूची मन्त्रालयको आधिकारिक बेबसाइट मार्फत सार्वजनिक गरिने भएको छ ।

यस कदमले प्रदेशको बित्तीय प्रशासनमा स्वच्छता, पारदर्शिता र उच्च कार्यसम्पादनस्तर कायम गर्न ठुलो सहयोग पुग्ने अर्थमन्त्री भट्टराईले जनाउनुभयो।

# भोटेकोशीको बाढीले बगाएर ल्याएको सेफ फोड्ने २९ जना पक्राउ



काठमाण्डौ १३ भदौ/भोटेकोशीको बाढीले धादिङमा बगाएर ल्याएको पैसा राख्ने सेफ फोड्ने २९ जनालाई सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले पक्राउ गरेको छ।

पक्राउ परेका उनीहरूको साथबाट ९२ लाख ६८ हजार ५०५ रुपैयाँ बरामद भएको प्रहरीले जनाएको छ । पक्राउ परेका सबैलाई जिल्ला प्रहरी कार्यालय धादिङले हिरासतमा राखेको छ ।

गल्छी गाउँपालिका( ४ बेल्खुखोला त्रिशूली नदी किनारमा सेफ भेटिएको थियो । तर आफूखुसी फोरेर रकम चोरी गरेको उजुरीका आधारमा उनीहरू पक्राउ परेका हुन् । ती सबैमाथि आबश्यक छानबिन भइरहेको प्रहरीले जनाएको छ ।

प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रुपमा प्रयोग गरौं।

प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने., सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.ली. बिरगंज, पर्सा ०५१-५९१८७३

CamScanner